KAEFER

# हाम्रा संहिता

KAEFER. Count on us.

# अनुक्रमणिका

2 Compliance@KAEFER
3 कार्यसमितिको सन्देश
4 कैफरको अनुपालनासम्बन्धी मूलभूतकुराहरु
4 Count on Us ↔ Count on Me

**5 महत्वाकांक्षा**

6 भ्रष्टाचार विरुद्ध
7 ठगी रोकथाम तथा पहिचान
7 अविश्वास विरुद्ध तथा स्वच्छ प्रतिस्पर्धा
8 दिगोपना

**9 विश्वसनीयता**

10 व्यावसायिक साझेदारको समुचित मूल्यांकन
11 तथ्यांक संरक्षण तथा सूचनाको सुरक्षा
11 गैरकानूनी आन्तरिक किनबेच
12 सम्पत्ति शुद्धीकरण, आतंकवादको वित्तपोषण, प्रतिबन्धहरु
13 लेखा तथा करको अनुपालना

**14 आदर-सम्मान**

15 मानवअधिकार
16 रोजगारी
17 उपहार तथा आतिथ्य
17 स्वार्थको द्वन्द्व
18 प्रायोजन तथा चन्दा

**19 सामुहिक भावना**

20 स्वास्थ्य तथा सुरक्षा
21 अभिव्यक्त गर्ने

# Compliance@ KAEFER



कैफर तीव्र रुपले परिवर्तन भइरहेको संसारमा सीमापारीसम्म सञ्चालन भइरहेको एउटा विश्वव्यापी कम्पनी हो। नियमनकारी ढाँचाहरु एकदेखि अर्को देशमा फरक पर्ने र समय-समयमा परिवर्तन हुने गर्दछन्। हामी कैफरका सबै कर्मचारी, प्रबन्धक, कार्यसमिति एवम् प्रशासनिक समितिका सदस्यहरु जहाँ कार्यसञ्चालन गर्दछौं त्यहाँ लागू हुने नियमहरुको पालनकर्ता भएको सुनिश्चित गर्ने काम कैफर को सर्वोपरि प्राथमिकता हो र हामीले कार्यान्वयन गरेको बृहत् अनुपालना व्यवस्थापन प्रणाली (सीएमएस) को कारणले हुनगएको हो।

हाम्रो सीएमएसको केन्दीय अङ्ग तपाईंले अहिले अध्ययन गरिरहनु भएको कागजात - हाम्रो संहिता हो। यसले अनुपालनाप्रतिको हाम्रो प्रतिबद्धतालाई स्पष्ट पार्दछ भने कैफरमा असल आचरण र मूल्यमा आधारित व्यवहारको मार्गनिर्देशन उपलब्ध गराउने लक्ष्य राखेको छ।

तथापि हामी यत्तिकैमा रोकिँदैनौं ! हामी आफ्ना कर्मचारीहरुलाई उनीहरुबाट के अपेक्षा गरिन्छ भन्ने कुरा बुझून् भनेर ठगी तथा भ्रष्टाचार रोकथाम, स्वास्थ्य र सुरक्षा एवम् तथ्यांक संरक्षण र सूचना प्रविधिको सुरक्षालगायतका शीर्षकहरुमा बाध्यकारी अनुपालनासम्बन्धी तालिम दिने गर्दछौं।

त्यसको अतिरिक्त, कैफरको प्रत्येक व्यावसायिक एकाइमा हाम्रो सीएमएसको निर्णय र कार्यान्वयन गर्ने कार्यमा सहयोग उपलब्ध गराउन स्थानीय नियम र व्यावसायिक अभ्यासहरुसँग सुपरिचित एकजना समर्पित Local Compliance Officer रहन्छन्।

कैफरका प्रत्येक व्यक्तिहरु कुनै अपवादविना हाम्रो संहिता, कैफरको नियम र मार्गनिर्देशन र तथा लागू हुने कानूनहरुको अधीनमा रहन्छन्। यी नियमहरुको उल्लंघन हामीलाई सह्य छैन। अनुपालना नगर्ने जो कोहीले (गम्भीर उल्लंघनबापत जागिरबाट बर्खास्तीलगायत) उपयुक्त परिणामको सामना गने अपेक्षा गर्नसक्नेछ।

हाम्रो प्रशासनिक समिति तथा कार्यसमितिबाट शुरु गरेर केन्द्रिय व्यवस्थापन कार्यकारुपमा अनुपालनामा माथिबाट तल एउटा बलियो लय तय गरेको हामीले बुझेका छौं र विशेष गरी हाम्रा सबै प्रबन्धकहरुले अनुपालना राजदूतकारुपमा काम गर्ने अपेक्षा राख्दछौं।

आशङ्का भएको बेलामा बोल्नुहोस् ! के गर्ने भन्ने अनिश्चय भएमा हाम्रो संहिता, आफ्नो सम्बन्धित प्रबन्धक, Local Compliance Officer, स्थानीय वैधानिक वा मानव संसाधन विभागका कुनै सदस्यसँग परामर्श गर्नुहोस् - वा, क्युआर कोड स्क्यान गर्नुहोस् वा हाम्रो KAEFER Compliance Helpline मा तत्काल पहुँचकालागि लिङ्कमा थिच्नुहोस् (मनलागेमा नाम अज्ञात राख्न सकिने)।

गुनासो सम्बोधन गर्ने हाम्रो प्रक्रियासम्बन्धी थप जानकारीकालागि यहा हेर्नुहोस्।

Alexander Werle
Group Chief Compliance Officer

# कार्यसमितिका सन्देश





## आदरणीय सहकर्मी साथीहरु,

प्राविधिक औद्योगिक सेवाको विश्वव्यापी अगुवाको रुपमा सर्वोत्कृष्ट सेवा तथा नवीनतम समाधानमा मात्र नभई जवाफदेही, नैतिक तथा पारदर्शी व्यावसायिक अभ्यास तथा व्यवस्थापनमा हाम्रो सफलता आधारित छ भन्ने हामी मान्यता राख्दछौं ।

हामी - कैफरका सबै कर्मचारी, प्रबन्धक तथा कार्यसमिति एवं प्रशासनिक समितिका सदस्यहरु - हामीलाई एउटा कम्पनीको रुपमा परिभाषित गने कैफरका मूल्यमान्यताहरु : महत्वाकांक्षा, विश्वसनीयता, आदर-सम्मान तथा सामूहिक भावनाका हामी राजदूतहरु हौं । यी मूल्य मान्यताहरुले हाम्रो कार्य तथा संस्कृतिलाई आकार दिने गर्दछन् ।

**महत्वाकांक्षामार्फत** हामी उत्कृष्टता तथा नवीनताकालागि सख्त कोशिस गर्दछौं ।

**विश्वसनीयताले** बाचा पूरा गर्ने हाम्रो प्रतिबद्धता र हामीमाथि राखिएको विश्वासको कदरलाई जनाउँछ ।

**आदर-सम्मान** हाम्रा सबै अन्तरक्रियाहरुको जग हो । हामी मानिसहरुसँग मर्यादा, सोच-विचार तथा खुला दिमागले व्यवहार गर्दछौं ।

**सामूहिक भावना** हाम्रो सामूहिक सफलताको आधारशीला हो - एउटा एकाइका रुपमा मात्र हामीले चुनौतिमाथि विजय प्राप्त गर्न र हाम्रा महत्वाकांक्षी लक्ष्यहरुलाई हासिल गर्नसक्दछौं ।

हामी सबैले कैफरको प्रतिनिधित्व गर्दछौं । हाम्रो व्यावसायिक आचारसंहिता ले हाम्रो दैनिक कार्यका अविचलित नैतिक एवम् व्यावहारिक सिद्धान्तलाइ परिभाषित गर्दै एउटा संगठनका रुपमा हाम्रा कार्यहरुलाई निर्दिष्ट गर्दछ ।

यिनै सिद्धान्तहरुबाट जीउने र सो बारे बताउने हाम्रो साझा जिम्मेवारी हो । हामी सबैले उदाहरणीय रुपमा अघिबढेमा मात्र हामीले आफ्नालागि तय गरेका उच्च मापदण्डलाई कायम राख्न सक्दछौं ।

हामीसँगै (वा हाम्रालागि) काम गर्ने सबैले यो संहितालाई मान्यता दिने र अनुपालना गर्ने हामी अपेक्षा राख्दछौं ।

त्यसो गर्न नसक्ने जो कोहीले उपयुक्त परिणामको सामना गर्न अपेक्षा गर्नु पर्ने हुन्छ । यसरी, हामी हाम्रा व्यावसायिक सहकर्मीहरुलाई एउटा स्पष्ट सन्देश दिन्छौं : हाम्रो मूल्य मान्यता तथा संहितालाई कायम राख्न तपाईंले Count on Us गर्नसक्नुहुन्छ ।

एकअर्काप्रति निष्पक्ष, पारदर्शी एवम् सम्मानजनक ढंगले व्यवहार गर्नु नै हाम्रो सफलता र दीर्घकालीन साझेदारीको जग हो । हामी आफ्नो कम्पनीमा खुला अभिव्यक्तिको संस्कृतिलाई महत्व दिन्छौं - जहाँ प्रत्येक कर्मचारीले नकारात्मक परिणामको डरविना चासो हरुको उठान र उल्लंघन-कार्यको जाहेरी दिन सक्षम भएको महशुस गर्दछन् - र, इमान्दारिता र पारदर्शिता नै एउटा स्वस्थ, विश्वसनीय कार्यको वातावरणकालागि अत्यावश्यक तत्वहरु हुन् भन्ने विश्वास गर्दछौं ।

हामी, कैफर कार्यसमिति, Compliance@KAEFER प्रति तपाईंका निरन्तर प्रतिबद्धताकालागि तपाईंहरु सबैलाई धन्यवाद दिन चाहन्छौं र कुनै जिज्ञासा वा चासो भएमा यो संहिता वा तपाईंको स्थानीय अनुपालना संस्थाका कुनै सदस्यसँग परामर्श लिन अनुरोध गर्दछौं ।



Karsten Wirth
CFO

Dr. Roland Gärber
CEO

Sandro Barrach
COO

# कैफरको अनुपालना/ कार्यान्वयनका मूलभूत कुराहरु

कैफरले अनुपालनालाई अवैध वा कैफरको नैतिक तथा व्यावसायिक मापदण्डको पालना नगर्ने आचरण वा अभ्यासहरुलाई रोक्न, पहिचान गर्न र समाधान गर्न तयार गरिएका आन्तरिक नियम एवम् प्रक्रियाहरुको संगालोको रुपमा परिभाषित गरेको छ। कैफरको अनुपालनाका मूलभूत कुराहरुले सत्यनिष्ठाको मुख्य सिद्धान्तहरुलाई सङ्क्षेपीकरण गर्दछन् र कर्मचारीहरुलाई आ-आफ्नो दैनिक कार्यमा आज्ञाकारीतवरले काम गर्न मद्दत गर्दछन्।

**१. हामी कानून र कैफरको आन्तरिक नियम र मार्गनिर्देशनहरु अवलम्वन गर्दछौं।**

**२. हामी इमान्दारिता, सत्यनिष्ठापूर्वक कार्य गर्दछौं र अरुप्रति आदर-सम्मान देखाउँछौं।**

**३. हामी अरुकालागि उदाहरण हुनचाहन्छौं।**

**४. हामी भ्रष्टाचार र घुसलाई अस्वीकार गर्दछौं।**

**५. हामी उपहार र आतिथ्यता उपयुक्त रहेको सुनिश्चित गर्दछौं।**

**६. हामी स्वार्थको द्वन्द्वलाई हटाई कैफरको सर्वोत्तम हितमा काम गर्दछौं।**

**७. हामी कैफरको सम्पत्ति र सूचना/तथ्यांकको सुरक्षा गर्दछौं।**

**८. हामी अनुपालनाको उल्लंघन भएको देखेमा वा आशंका भएमा बताउँछौं।**




## Count on Us ⟷ Count on Me

Compliance@KAEFER सम्बन्धी जब कुरा आउँछ, हामी हाम्रा व्यासायिक सहकर्मीहरुलाई भन्दछौं कि उनीहरुले Count on Us गर्न सक्दछन् - हामी कानून र नियमबमोजिम काम गर्दछौं र हाम्रा सबै कार्य सञ्चालनभर सुरक्षित तथा कामकालागि अनुकूल वातावरण प्रदान गर्दछौं भन्ने बाचा गर्ने यो हाम्रो तरिका हो।

कैफरका कर्मचारीका रुपमा हामी सोही प्रतिबद्धता गर्दछौं कि - सहकर्मी, ग्राहक, आपूर्तिकर्ता, सरकारी अधिकारी र अन्य सबै व्यावसायिक सहकर्मीहरुसँग व्यवहार गर्दा हामीइमान्दारी, सत्यनिष्ठा र आदर-सम्मानका साथकार्य गर्दछौं - जब हामी भन्दछौं, "Count on Me" .



अनुक्रमणिकामा फिर्ता

परिच्छेद एक : महत्वाकांक्षा

# “हामी आफ्ना लक्ष्यहरु पूरा गर्दछौं”

कैफरमा, हामी आफ्नो लक्ष्यहरु पूरा गर्दछौं - स्पष्ट तथा बृहत् अनुपालनाको कार्यढाँचा अन्तर्गत ।

हामी महत्वाकांक्षी लक्ष्यहरु तय गर्दछौं र तिनीहरुलाई हासिल गर्न आफैं एकआपसमा मद्दत गर्दछौं - दक्षतालाई प्राथमिकता दिने सुव्यवस्थित प्रक्रियाहरुका साथ । हाम्रा ग्राहकहरुकालागि उच्च असरदार नतिजा उत्पन्न गर्न आफ्नो ज्ञान र दक्षताउपर हामी निर्भर रहन्छौं । सबैभन्दा बढी, कानूनभित्र रही आफ्नो व्यवसायको दिगोपनालाई बृद्धि गर्ने इच्छालाई हामी बाँड्ने गर्दछौं - र, हामी सबैले गर्व गर्न सक्ने भविष्यनिर्माणमा मद्दत गने गर्दछौं ।





अनुक्रमणिकामा फिर्ता

# भ्रष्टाचार विरुद्ध



## भ्रष्टाचार विरुद्ध कडा रुपमा उभिन
## Count on Us

भ्रष्टाचार विरुद्धको लडाइँमा आत्मतुष्टिको कुनै ठाउ छैन - जसले समग्रमा हाम्रो व्यवसाय र समाजमा अत्यन्त विध्वंशक प्रभाव पार्दछ ।

कैफरमा हामी कुनै व्यक्तिले आफ्नो पदलाई व्यक्तिगत वा वित्तीय लाभकालागि दुरुपयोग गर्ने कुनै पनि कार्यप्रति शून्य सहनशीलताको विधि सञ्चालन गर्दछौं ।

हामी आफ्ना कार्यहरु भ्रष्टाचार विरुद्धको उच्चतम् मापदण्डको अनुकूल - भ्रष्टाचार विरुद्ध संयुक्त राष्ट्रसंघको महासन्धीअनुरुप रहेको कुराको सुनिश्चित गर्न हरेक पूर्व-सावधानी अपनाउँछौं ।

जहाँ-जहाँ कैफरले कार्य सञ्चालन गर्दछ त्यहाँ ग्राहक, आपूर्तिकर्ता, सरकारी अधिकारी र अन्य व्यावसायिक सहकर्मीहरुसँगको हाम्रो सम्बन्ध सक्षमता, सत्यनिष्ठा र विश्वासद्वारा निर्धारित रहेको छ भन्ने कुरा अत्यन्त महत्वपूर्ण हुन्छ ।

## मेरो व्यवहार सत्यनिष्ठाद्वारा परिभाषित रहेको सुनिश्चित गर्न
## Count on Me

कैफरको कर्मचारीकारुपमा भ्रष्टाचार विरुद्धको लडाइँमा मैले महत्वपूर्ण भूमिका खेल्नुपर्छ भन्ने मैले बुझेको छु । निर्णय गर्ने प्रक्रियाहरुलाई अनुचित ढंगले प्रभावित गर्नसक्ने पैसा, मालसामान वा उपहारहरु मैले कहिल्यै पनि स्वीकार गर्नेछैन वा आधिकारिक निर्णयलाई चाँडो गराउन सरकारी अधिकारीहरुलाई रकम दिने (सहजीकरण वा चाँडो गराउने रकमकारुपमा बुझिने एउटा अभ्यास) छैन । आफू अनिश्चित हुँदाका बखत म मेरा Local Compliance Officer को मार्गनिर्देशन र सहायता खोज्नेछु ।

### मलाई थाहा छ भ्रष्ट व्यवहारको गम्भीर परिणाम हुन्छ ।

भर्ती प्रक्रियालाई अवलोकन गर्दा एउटा अनुकूल भर्ना/छनोट सम्बन्धी निर्णयबापत तपाईंलाई नगद रकम दिने प्रस्ताव गरिन्छ ।

“हरेक भर्ना/छनोट सम्बन्धी निर्णय वस्तुपरक हुनुपर्छ भन्नेमा म सजग छु । कुनै आवेदकले मलाई घुस दिने कोशिस गरेमा तिनीहरुलाई भर्ती प्रक्रियाबाट बहिष्करण गरेर आफ्नो सम्बन्धित प्रबन्धकलाई जानकारी गराउनेछु ।”

कुनै आपूर्तिकर्ताले तपाईं र तपाईंको साझेदारलाई कुनै महँगो होलिडे रिसोर्टमा सप्ताहान्तको प्रस्ताव गर्दछ । बदलामा आपूर्तिकर्ताले आगामी ठेक्काको सम्बन्धमा जानकारी चाहन्छ - उनीहरुको प्रतिस्पर्धीहरुमध्ये कुनकुन सहभागी हुँदैछन् र उनीहरुले के कति मूल्य प्रस्ताव गरिरहेका छन् ?

“मैले गर्ने खरीदसम्बन्धी हरेक निर्णयहरु वस्तुपरक हुनुपर्छ भन्नेमा म सजग छु । कुनै आवेदकले मलाई घुस दिने कोशिस गरेमा तिनीहरुलाई टेण्डर प्रक्रियाबाट बहिष्करण गरेर आफ्नो सम्बन्धित व्यवस्थापकलाई जानकारी गराउनेछु । हाम्रा ग्राहक र व्यावसायिक सहकर्मीहरुले सत्यनिष्ठाका साथ काम गर्न हामीलाई विश्वास गर्न सक्नेछन् ।”



# ठगी रोकथाम तथा पहिचान



## ठगी रोकथाम गर्ने सबै आवश्यक कदमहरु अपनाउन Count on Us

ठगीले हाम्रो व्यावसायिक स्वरुपभित्र सबैभन्दा ठूला जोखिम खडा गर्दछ, जसको कारणले गर्दा हामीले आफ्ना सबै व्यावसायिक एकाइहरुभरि नै एउटा समर्पित ठगी रोकथाम तथा पहिचान सम्बन्धी कार्यक्रमको विकास गरेका छौं । जोखिम मूल्यांकन, ठगी रोकथाम तथा पहिचान गर्न तय गरिएको नियन्त्रण र सचेतना बढाउने उपायहरु रहेको कार्यक्रम कैफरमा ठगीको जोखिम न्यूनीकरण गर्न तय गरिएको छ ।

कैफरले नोक्सानी भोग्नेगरी र कसुरदारले अनैतिक लाभप्राप्त गर्नेगरी अरुलाई धोका दिन योजना गरिएको (अनदेखा गर्ने कार्य लगायत) मनसाययुक्त कार्यका रुपमा हामीले ठगीको परिभाषा गरेका छौं । सो कार्य सफल भएको होस् वा नहोस् कुनै फरक पर्दैन । ठगी हुनकोलागि प्रयत्नमात्र पनि काफी हुन्छ ।

## हाम्रो सम्पत्तिलाई दुरुपयोग, नोक्सानी, चोरी र खेरजानबाट बचाउन Count on Me

जालसाजीयुक्त गतिविधिहरुमा संलग्नताले व्यक्तिगतरुपमा मलगायत हामी सबैका लागि गम्भीर क्षतितर्फ अग्रसर गराउँछ भन्नेमा म सजग छु । ठगीको उजागर गर्नमा मैले महत्वपूर्ण भूमिका खेल्ने गर्दछु - तसर्थ यदि मैले कुनै शंकास्पद कुरा देखेमा वा सुनेमा शीघ्र कारवाही गर्दछु र मेरो सम्बन्धित प्रबन्धक, Local Compliance Officer वा KAEFER Compliance Helpline समक्ष जानकारी गराउँछु ।

### हाम्रो सम्पत्तिको जिम्मेवाररुपले प्रयोग गर्नु मेरो अभिभारा हो भन्ने मलाई थाहा छ ।

तपाईंले कुनै सहकर्मीले आफ्नो कम्पनीको कार र दुईवटा ठूला जेरीक्यानमा पेट्रोल भरेको देख्नुहुन्छ । पछि, सोही सहकर्मीले जेरीक्यानलाई उनीहरुको निजी कारमा स्थानान्तरण गरेको देख्नुहुन्छ ।

> "यो इन्धन कार्ड ठगीको मामला जस्तो देखिन्छ । मेरो सम्बन्धित प्रबन्धक, Local Compliance Officer वा KAEFER Compliance Helpline समक्ष यो घटनाको जाहेरी गराउँछु ।"

कैफरको सीईओ भनी आफूलाई परिचित गराउने मानिसबाट तपाईंले फोनमा कल प्राप्त गर्नुहुन्छ । उसले तपाईंलाई बैंकको एक थान विवरण दिन्छ र खातामा €५००,००० को आकस्मिक भुक्तानी गर्न तपाईंलाई अह्राउँछ ।

> "यो अति असामान्य अनुरोध मात्र नभई ठगीको उद्योग भएको धेरै नै सम्भावना छ, यो विभागीय प्रक्रियाविपरीत समेत रहेकोछ । मेरो सम्बन्धित प्रबन्धक, Local Compliance Officer वा KAEFER Compliance Helpline समक्ष सीईओको ठगीको एउटा शंकास्पदमामलाका रुपमा यो घटनाको जाहेरी गराउँछु ।"

# एकाधिकार विरुद्ध तथा स्वच्छ प्रतिस्पर्धा

## प्रतिस्पर्धी एवम् स्वच्छ बजार वातावरणलाई सहयोग गर्न Count on Us

एउटा स्वच्छ र पारदर्शी हाटबजारले हाम्रो शक्तिलाई प्रतिफल दिन्छ । सबै लागू हुने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एकाधिकार विरुद्धका कानूनहरुबमोजिम कार्य गर्न हामीलाई विश्वास गर्नसकिन्छ भन्ने कुरा हाम्रा ग्राहक तथा व्यासायिक सहकर्मीहरुलाई थाहा छ ।

स्वच्छ प्रतिस्पर्धाको सिद्धान्तलाई छल्ने वा मूल्यनिर्धारण, गोप्य सूचना आदानप्रदान, ठेक्कापट्टामा मिलोमतोसहितको सहभागिता वा गैरकानूनी आपूर्तिसम्बन्धी सम्झौताहरुसम तका अनुचित अभ्यासमा सहभागी हुने प्रयास हामीले कहिल्यै पनि गर्नेछैनौं ।

## कहिले मौन बस्ने र कहिले बोल्ने भन्ने थाहापाउन Count on Me

कैफरको कर्मचारीका रुपमा म मूल्य, ग्राहक वा ठेक्कापट्टाको विवरण हाम्रा प्रतिस्पर्धीहरुसँग कहिल्यै पनि छलफल गर्दिनँ । मेरा सहकर्मीहरुसँगै ग्राहकसँगको अन्तर्क्रियाका सम्बन्धमा होस् वा परियोजनाको कार्यान्वयनका सम्बन्धमा होस् एकाधिकार विरुद्धको कानूनको कुनैपनि उल्लंघनका सम्बन्धमा मलाई शंकालागेमा बोल्नु कति महत्वपूर्ण हुन्छ भन्ने मलाई थाहा छ ।

### म प्रतिस्पर्धा विरुद्धको व्यवहार बाट बँच्दछु र स्वच्छ प्रतिस्पर्धाको प्रवर्धन गर्दछु ।

आगामी धेरैवटा सार्वजनिक ठेक्कापट्टाकालागि मूल्यमा सहमत हुन तपाईंलाई सुझाव दिने एकजना प्रतिस्पर्धी तपाईं समक्ष आइपुग्दछ ।

> "मिलेमतोमा मूल्यनिर्धारणले स्वच्छ प्रतिस्पर्धालाई सङ्कुचित गर्दछ र एकाधिकार विरुद्धको नियमहरुको उल्लंघन गर्दछ । म मेरा सुपरीवेक्षक, Local Compliance Officer वा (स्थानीय) कानूनी कार्यकर्तासमक्ष सो घटनाकासम्बन्धमा तत्काल जाहेर गर्दछु ।"

कफी खाने समयमा एउटा वार्षिक औद्योगिक संघको बैठकमा तपाईंलाई प्रस्तावित गरिन्छ/नजिक्याइन्छ । एउटा खास सेवाक्षेत्रमा त्यस्तो सफलतासाथ कैफरले कसरी आफ्नो बजारको हिस्साको बृद्धि गर्न सफल भएको हा भन्नेबारेमा जान्न त्यो प्रतिस्पर्धी उत्सुक हुन्छ ।

> "आन्तरिक रणनीति प्रतिस्पर्धीसमक्ष खुलासा गर्ने कार्यले स्वतन्त्र प्रतिस्पर्धालाई प्रभाव पार्नसक्ने हुँदा निषेधित गरिएको हुन्छ । म तत्काल वार्तालाप टुङ्ग्याउँछु र मेरो सम्बन्धित प्रबन्धक, Local Compliance Officer वा (स्थानीय) कानूनी कार्यकर्ता समक्ष सो घटनाका सम्बन्धमा जाहेर गर्दछु ।"



# दिगोपना

## दिगो अभ्यासको प्रबर्धन गर्न
## Count on Us

हाम्रो ग्रहले ठूलो त्रासको सामना गरेको छ। कैफरमा हामी आफ्नो घर संरक्षण गर्न सकेसम्म सबै काम गर्नचाहन्छौं तथा जीउने र कामगर्ने कुराको अझ बढी दिगो नमूनातर्फको संक्रमणलाई मद्दत गर्नचाहन्छौं।

हाम्रा केन्द्रिय सेवाहरु तथा कार्यसञ्चालनप्रति परिलक्षित विधिउर्जा र लागतको किफायतलाई बृद्धि गर्न तय गरिएका LEAN हृष्टिकोण छन्। त्यसको अतिरिक्त वातावरण संरक्षण, श्रोतसाधनको संबर्धन, सामाजिक सम्वादप्रति स्पष्ट र सदृढ प्रतिबद्धताद्वारा प्रेरित भएको एवम् हाम्रो व्यवसाय र ग्राहकहरुकालागि दिगो र जिम्मेवार समाधानलाई अनुशरण गर्ने एउटा बृहत् दिगोपनाको रणनीति हामीसँग उपलब्ध छ।

## दिगो भविष्यप्रति योगदान गर्न
## Count on Me

कैफरको दिगोपनाका सबै प्रतिबद्धताहरुभरिका सकारात्मक प्रभावहरुलाई पुनर्वल दिनमा र नकारात्मक प्रभावहरुलाई न्यूनीकरण वा उन्मूलन गर्नमा मेरो महत्वपूर्ण भूमिका रहेको छ। कार्यस्थल र कार्यालयको फोहोर न्यूनीकरण गर्ने वा उदाहरणकालागि तताउने र ठण्डा पार्ने प्रणालीहरु र इन्धनको जिम्मेवार प्रयोग एवम् हाम्रा गतिविधिहरुमा ऊर्जाको किफायतलाई सुनिश्चित गने जस्ता माध्यमबाट कार्बन डाइअक्साइडको अनावश्यक उत्सर्जनबाट बच्नेजस्ता शीर्षकहरु यसमा समावेश रहेका हुन्छन्।

## दिगोरुपमा कार्य गर्नु आजको संसारमा अत्यावश्यक छ भन्ने मलाई थाहा छ।

निर्माण स्थलको सञ्चालकले तपाईंलाई विषालु रङरोगनको थेगरलाई जिम्मेवार ढंगले तहलगाउनभन्दा नजिकैको नदीमा खन्याउन अनुरोध गर्दछ।

"म यस्तो वातावरणीयरुपले गैरजिम्मेवार र अनैतिक अनुरोधको अनुपालना गर्न इन्कार गर्दछु र मेरो सम्बन्धित प्रबन्धकलाई यो घटनाको सम्बन्धमा तत्काल जाहेर गर्दछु।"

सामान्यभन्दा बढी चिसो शिशिर याममा कुनै सहकर्मीले कार्यालयको तापयन्त्रलाई अत्यधिक ऊर्जा खपत हुनेगरी अत्यन्त उच्चस्थितिमा मिलाउँछ।

"ऊर्जाको किफायतीढंगले प्रयोग भएको सुनिश्चित गर्न मध्यम र स्थिर तापक्रम कायम राख्न म सुझाव दिन्छु। आवश्यक भएमा दिगो अभ्याससँग अनुकूल हुनेगरी प्रणालीको स्थिति मिलाउन सुविधा व्यवस्थापनसमक्ष उक्त विषयको बारेमा जाहेर गर्दछु।"






अनुक्रमणिकामा फिर्ता

परिच्छेद दुई : विश्वसनीयतf

# “हामी जे भन्छौं, त्यही गर्छौं”

कैफरकारुपमा हामी सम्मानजनक तथा दीर्घकालसम्म टिकाउ हुने सम्बन्ध स्थापना गर्दै हाम्रा कर्मचारी, ग्राहक तथा आपूर्तिकर्ताहरुको विश्वास हासिल गरी कायम राख्न सख्त प्रयत्न गर्दछौं ।

इमान्दार साझेदार नै भरपर्दो साझेदार हुने र गोपनीयता - कानूनको सीमाहरुभित्र - कुनै पनि सहकार्यकालागि आधार हुने हाम्रो दृढ विश्वासद्वारा हाम्रा सिद्धान्तहरु निर्देशित रहेका छन् । हामी आफ्ना गल्तीहरु लुकाउँदैनौं, र सिक्ने र सुधार गर्ने विधिहरुको खोजी गर्न हामी कहिल्यै रोकिदैनौं । हाम्रो विधि स्पष्ट छ : हामी कुन सुविधाजनक छ भन्दापनि जुन ठीक छ, सदैव त्यसैलाई छनौट गर्नेछौं र आफ्ना समकक्षीहरुबाट त्यही अपेक्षागर्दछौं ।





अनुक्रमणिकामा फिर्ता



# व्यावसायिक साझेदार तथा समुचित मूल्यांकन

## हामीले जो-जोसँग व्यवसाय गर्दछौं वहाँहरु सबैको सावधानीपूर्वक मूल्यांकन गर्न Count on Us

कैफरमा हामी हाम्रा व्यावसायिक साझेदारहरुलाई सावधानीपूर्वक छनौट गर्दछौं। कुनै नयाँ व्यावसायिक सम्बन्ध गाँस्नुभन्दा अगाडि हामीले जस्तै हाम्रा साझेदारहरुले पनि उस्तै उच्चकोटीको मापदण्ड अपनाएका र कायम राखेका छन् भन्ने सुनिश्चित गर्न हामी एउटा स्पष्ट र पारदर्शी समुचित मूल्यांकन प्रक्रिया अवलम्बन गर्दछौं।

जानेर वा नजानेर भ्रष्ट वा अन्यथा गैरकानूनी अभ्यासहरुमा हामी कहिल्यै पनि संलग्न हुँदैनौं भन्ने सुनिश्चित गर्ने गरी हाम्रा प्रक्रियाहरु तय गरिएका छन्।

व्यावसायिक साझेदारको समुचित मूल्यांकन हामीले एक पटकलाई मात्र गर्ने चिज होइन, यो त स्वयं सम्बन्ध रहुञ्जेलसम्म जारी रहने एउटा प्रक्रिया हो।

## हाम्रा उच्चस्तरीय मापदण्डहरु हाम्रा साझेदारहरुले बताउनेगर्दछन् भन्ने सुनिश्चित गर्न Count on Me

सम्भाव्य नयाँ व्यावसायिक साझेदारहरुले कैफरसमक्ष कुनै जोखिम खडा गर्दछन् र उच्च जोखिम गने व्यावसायिक साझेदारहरु (उदाहरणकालागि बिक्रीसँग सम्बन्धित सेवाप्रदायकहरु) को विस्तृत मूल्यांकन गर्नु आवश्यक हुन्छ। सम्भाव्य उच्च जोखिम गर्ने व्यावसायिक साझेदारसँग मेरो सम्पर्क भएको खण्डमा मेरा Local Compliance Officer लाई म जानकारी दिन्छु र आवश्यक प्रक्रिया थाल्न अनुरोध गर्दछु।

## हामी हाम्रा व्यावसायिक साझेदारहरुलाई सावधानीपूर्वक छनौट गर्दछौं भन्ने मलाई थाहा छ।

मूल्यनिर्धारण गर्ने रणनीतिका बारेमा निर्णय गर्ने प्रमुख व्यक्तिहरुसँग बैठक तय गर्नसक्ने र बहुमूल्य जानकारी उपलब्ध गराउनसक्ने एकजना कुनै मुख्य ठेक्काकालागि सँगसँगै प्रस्ताव राख्ने क्रममा कुनै बिक्रीप्रतिनिधिले तपाईंसमक्ष प्रस्ताव राख्दछ।

"मेरा Local Compliance Officer र Group Chief Compliance Officer द्वारा एउटा विस्तृत समुचित मूल्यांकन प्रक्रियामार्फत बिक्रीप्रतिनिधिहरु जस्ता उच्च जोखिम गर्ने व्यावसायिक साझेदारहरुको समीक्षा गर्नुपर्ने हुन्छ। यो प्रक्रिया प्रारम्भ गरुन् भनेर म मेरा Local Compliance Officer लाई जानकारी दिन्छु।"





अनुक्रमणिकामा फिर्ता

# तथ्यांक संरक्षण तथा सूचनाको सुरक्षा

## व्यक्तिगत एवम् कम्पनीको तथ्यांक संरक्षण गर्न Count on Us

कैफरमा व्यक्तिगत तथा कम्पनीको तथ्यांकको संकलन, प्रयोग तथा भण्डारण सम्बन्धी लागू हुने सबै कानून र करारीय दायित्वहरुको हामी अवलम्वन गर्दछौं ।

संवेदनशील तथ्यांक (परियोजनाको तथ्यांकदेखि वित्तीय अभिलेख, ग्राहकको जानकारी र कर्मचारीको तथ्यांकसमेत समेटिने) को संरक्षण गर्न हामीसँग बृहत् प्राविधिक तथा सांगठनिक उपायहरु उपलब्ध छन् । यसको अतिरिक्त, हामी कठोर सूचना तथा प्रविधिको सुरक्षा सम्बन्धी विधि-विधानहरुको अवलम्वन गर्दछौं र सुरक्षासम्बन्धी सबै नियमहरुको पालना गर्दछौं ।

## संवेदनशील तथ्यांकलाई उपयुक्त ढंगले व्यवहार र सञ्चालन गर्न Count on Me

कार्यस्थल र कार्यालयमा संवेदनशील तथ्यांकलाई सावधानीपूर्वक सञ्चालन गरिन्छ भन्ने हेर्ने र तथ्यांकको संरक्षण सम्बन्धी सबै विधि-विधानहरुको र सूचनाप्रविधिको सुरक्षासम्बन्धी व्यवस्थाहरुको अवलम्वन गरिन्छभन्ने सुनिश्चित गर्ने कामकालागि म जिम्मेवार हुन्छु ।

## तथ्यांक संरक्षण र सूचनाको सुरक्षा सम्बन्धी बाध्यकारी व्यवस्थाहरुकाबारेमा मलाई थाहा छ ।

तपाईंले कफी मेसिनको छेवैमा जागिरको आवेदकको व्यक्तिगत सूचना रहेको एउटा फाइल फेलापार्नु हुन्छ ।

"म त्यो फोल्डरलाई टिप्छु र त्यसलाई सीधै मानव संसाधन विभागमा लैजान्छु ।"

महत्वपूर्ण आन्तरिक प्रक्रियाको अंगकोरुपमा रहेको संलग्न फाइल डाउनलोड गर्न अनुरोध गर्दै कुनै अज्ञात प्रेषकबाट तपाईंले एउटा इमेल प्राप्त गर्नुहुन्छ ।

"खराब सफ्टवेयर मेरो कम्प्युटरको गोप्य तथ्यांकमाथि अनधिकृत पहुँच प्राप्तगर्न प्रयोग गर्नसकिन्छ । म संलग्न फाइललाई नखोलीकन सूचनाप्रविधि विभागसमक्ष सो घटनाको बारेमा जाहेर गर्दछु ।"



# गैरकानूनी आन्तरिक किनबेच

## शेयरको गैरकानूनी आन्तरिक किनबेचको रोकथाम गर्न Count on Us



कैफरमा हामी वित्तीय बजारहरुको सत्यनिष्ठालाई संरक्षण र कायम राख्न तय गरिएको सख्त गोपनीयताको सिद्धान्तहरुको अवलम्वन गर्दछौं । हाम्रा कर्मचारीहरुलाई आन्तरिक सूचना तथा कम्पनीको तथ्यांक आफ्नो लाभकालागि प्रयोग गर्न र त्यस्तो प्रयोजनकालागि तेश्रो पक्षहरुलाई आन्तरिक सूचना उपलब्ध गराउनबाट निषेध गरिएको छ भन्ने थाहा छ ।

आन्तरिक सूचनामा आगामी ठेक्का वा गाभिने वा प्राप्त गर्ने, व्यवस्थापनको परिवर्तन, वित्तीय प्रतिफल र पूर्वानुमानहरु वा मुल्तवीमा रहेको कानूनी कारबाही (तर त्यतिमामात्र सीमित नहुने कुराहरु) समावेश हुन्छन् ।

## गोप्य सूचनालाई गोप्य राख्न Count on Me

कैफरका एकजना कर्मचारीकारुपमा- कैफरको सम्बन्धमा वा हाम्रो एक वा एकभन्दा बढी व्यवसायिक करार/ठेक्कापट्टाको सम्बन्धमा - मलाई गोप्य सूचनामाथिको पहुँच दिइएको हुनसक्छ भन्नेमा म सजग छु । म यो सूचनालाई केवल मेरो कामको प्रयोजनको क्षेत्रभित्रमात्र प्रयोग गर्नसक्दछु । आन्तरिक सूचनाको किनबेच वा आन्तरिक किनबेचमा संलग्नहुने कार्यलाई सख्त रुपमा निषेध गरिएको छ ।

## शेयरको आन्तरिक किनबेच गैरकानूनी हो भन्ने मलाई थाहा छ

तपाईंको कामको सिलसिलामा कैफरले धितोपत्र विनिमयमा सूचीकृत भएको कुनै औद्योगिक सेवाप्रदायककलाई प्राप्त गर्ने योजना बनाएको तपाईंले चालपाउनु भएको छ । यो सुरक्षित जुवा हो, घोषणा गर्दा सेवाप्रदायकको शेयर मूल्य काफी बृद्धि हुन्छ ।

"घोषणाभन्दा अगावै सेवाप्रदायकको शेयर खरीद गर्ने काम - वा तेश्रो पक्षहरुलाई कम्पनीको शेयर खरीद गर्न सुझाव दिने काम - शेयरको आन्तरिक किनबेचको स्पष्ट मामला हो र कानूनविपरीत हुनजान्छ । आन्तरिक सूचना गोप्य नै रहनुपर्दछ र व्यक्तिगत लाभकालागि दुरुपयोग गर्नमिल्दैन ।"

# सम्पत्ति शुद्धीकरण, आतंकवादीलाई वित्तपोषण, प्रतिबन्ध

## आपराधिक वित्तीय कारोबारहरुको रोकथाम गर्न Count on Us

कैफरमा हामी सम्पत्ति शुद्धीकरण, आतंकवादीलाई वित्तपोषण वा प्रतिबन्धितपक्षहरु जस्ता अवैध अभ्यासहरुमा संलग्न रहने कारोबारहरुमा संलग्न हुँदैनौं। (पैसाको श्रोतकाबारेमा झुठो बयान गर्ने र पैसाको श्रोत लुकाउने कार्य भनी परिभाषित गरिएको) सम्पत्ति शुद्धीकरण र (कुनै आतंककारी कार्यको कार्यान्वयनमा सहयोग गर्न रकम वा मालसामान उपलब्ध गराउने कार्य भनी परिभाषित गरिएको) आतंकवादीलाई वित्तपोषणको सामना गर्ने सबै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयत्नहरुलाई हामी समर्थन गर्दछौं।

एउटा जिम्मेवार संगठनका रुपमा हामी निर्यात नियन्त्रण सम्बन्धीसबै कानून र आर्थिक प्रतिबन्धहरुको पालना गर्दछौं। हामी हाम्रा आपूर्तिकर्ता, ग्राहक तथा कर्मचारीहरुको लागू हुने प्रतिबन्धहरुको सूची विरुद्धमा नियमित रुपले अनुगमन गर्दछौं।

## कुनै पनि संदिग्ध कारोबारका सम्बन्धमा जाहेरी दिन Count on Me

सम्पत्ति शुद्धीकरण वा आतंकवादीलाई वित्तपोषणमा संलग्न हुनसक्ने गतिविधिहरुका सम्बन्धमा सजग रहने - मसँग भएको कुनै आशंकाको बारेमा विलम्ब नगरीकन जाहेर गर्ने जिम्मेवारी मेरा सहकर्मीहरु सँगै मेरो पनि हुन्छ। हामी प्रतिबन्धित पक्षहरुसँग करारीय सम्बन्ध (गठजोड) गर्दैनौं र नियमित अनुगमनको दायित्व तथा जोखिममा आधारित पृष्ठभूमिको चेकजाँचसम्बन्धी सबै आन्तरिक नियमहरुको अनुशरण गर्दछौं भन्ने कुरामा म सजग छु।

## असामान्य कारोबार सम्बन्धी अनुरोधहरुलाई कसरी पत्तालगाउने र सम्बोधन गर्ने भन्ने मलाई थाहा छ।

आफ्नो सबैभन्दा पछिल्लो रसिदको भुक्तानी "अन्यत्र/विदेशमा" क्षेत्राधिकार भएको खाताहरुमा धेरैवटा स-साना मात्रा/रकममा भुक्तानी गरिदिन सकिन्छ कि भनी अनुरोध गर्ने एउटा आपूर्तिकर्ता मसँग नजिकिन्छ।

> "त्यो अनुरोध शंकास्पद लाग्छ - र सम्पत्ति शुद्धीकरणको सम्भाव्य मामला हुनसक्छ। म कारोबार गर्दिनँ, बरु मेरो सुपरीवेक्षक, Local Compliance Officer वा (स्थानीय) कानूनी विभागसमक्ष सो अनुरोधकाबारेमा जाहेर गर्दछु।"

अन्तर्राष्ट्रिय प्रतिबन्धहरुको सूचीविपरीत आपूर्तिकर्ताको नियमित अनुगमनका समयमा मैले एउटा वास्तविक खेल पत्तालगाउँछु।

> "प्रतिबन्धित पक्षहरुसँग हामी व्यवसाय गर्दैनौं। म मेरो Local Compliance Officer समक्ष सो घटनाका सम्बन्धमा तत्काल जाहेर गर्दछु।"








अनुक्रमणिकामा फिर्ता



# लेखा तथा करका अनुपालना

## दुरुस्त वित्तीय अभिलेख राख्न Count on Us

भरपर्दो साझेदार तथा जिम्मेवार संस्थागत कार्यकर्ताका रुपमा हामी उपयुक्त लेखा, वित्तीय अभिलेख तथा करसम्बन्धी नियमहरुकालागि सबै वैधानिक आवश्यकताहरुको पालना गर्दछौं ।

सच्चा र दुरुस्त ढंगले काम गर्नु र उपयुक्त समयमा उपयुक्त अधिकारीहरुसमक्ष हाम्रा वित्तीय गतिविधिहरुकाबारेमा भरपर्दो सूचना दिनु हाम्रो लक्ष्य हो । हामीले कार्यसञ्चालन गर्ने सबै स्थानहरुमा स्थानीय तथा अन्तर्राष्ट्रिय मापदण्डहरुको अनुशरण गर्दै हामी करसम्बन्धी सबै नियमहरुको पालना गर्दछौं ।

## सधैं वित्तीय सत्यनिष्ठाको प्रदर्शन गर्न Count on Me

कैफरमा मैले मेरो काम गर्ने सिलसिलामा जहिलेसुक पनि मैले वित्तीय कारोबार सञ्चालन गर्दा मेरा कार्यहरु पारदर्शी, दुरुस्त र कानूनी मापदण्डहरुको पूर्ण रुपमा अनुशरण भएको छ भन्ने कुरा अत्यन्त महत्वपूर्ण छ ।



### म लेखाका उपयुक्त सिद्धान्तहरु जान्दछु र प्रयोग गर्दछु ।

आर्थिक वर्षको समाप्ति नजिक आउँदैछ । सो वर्षको करको भार कम गर्न इआरपी प्रणालीबाट वैधानिक हिसाबलाई उल्टाउन तपाईंको सम्बन्धित प्रबन्धकले तपाईंलाई अनुरोध गर्दछ ।

"म उपयुक्त हिसाब-किताबका सिद्धान्तहरु विपरीत जाने अङ्कन-खटनसँग अघि बढ्न इन्कार गर्दछु र वित्तविभागको कुनै सदस्य वा मेरो Local Compliance Officer समक्ष सो घटनाकासम्बन्धमा जाहेर गर्दछु ।"

एक थान नयाँ उपकरणको प्राप्तिको प्रविष्टि गर्नुअघि अर्को आर्थिकवर्षसम्म प्रतीक्षा गर्न तपाईंलाई अनुरोध गरिन्छ किनभने यसको माग गर्ने विभागले आफ्नो CAPEX बजेट रकम अगाडि नै सिध्याइसकेको हुन्छ ।

"म सो अनुरोधलाई इन्कार गर्दछु र मेरो सम्बन्धित प्रबन्धकलाई जानकारी दिन्छु । तिनीहरुको विलम्व गरिएको प्रविष्टि वा बेढंगको उल्लेखले हाम्रालागि गम्भीर परिणाम निम्त्याउनसक्छ ।"



अनुक्रमणिकामा फिर्ता

## परिच्छेद तीन : आदर-सम्मान

# “हामी मानिसको सम्मान गर्दछौं”

कैफरका हाम्रा चारवटा प्रमुख मूल्य-मान्यताहरुमध्ये एउटा मूल्यरुपमा रहेको आदर-सम्मानउपर हाम्रो प्रतिबद्धताले मानिसहरुलाई मर्यादा, सोच-विचार र खुलादिमागले व्यवहार गर्ने हाम्रो दृढनिश्चयलाई प्रतिबीम्बित गर्दछ ।

एउटा विश्वव्यापी कम्पनीकारुपमा हामी विविध श्रमशक्तिका फाइदाहरुको प्रशंसा गर्दछौं, सास्कृतिक भिन्नताहरुलाई सम्मान गर्दछौं र हामीले कार्यसञ्चालन गर्ने समुदायहरुमा सदैव रचनात्मक भूमिका खेल्न चाहन्छौं । साथसाथै, हामीलाई बाँध्ने - कैफरका व्यापार एकाईहरुका सीमानाहरुभन्दामाथि उठेका - मूल्य-मान्यताहरुको सम्मानलाई हामी बुझ्दछौं भन्ने कुरा हाम्रो निरन्तर सफलताकालागि अत्यावश्यक हुन्छ ।





# मानवअधिकार

## मानवअधिकारको सम्मान र प्रबर्धन गर्न Count on Us

कैफरमा मानवअधिकार उल्लंघनको मात्रालाई रोकथाम, समाप्त वा न्यूनीकरण गर्ने लक्ष्य रहेको मानवअधिकार सम्बन्धी हाम्रो रणनीतिलाई हामी धेरै ठूलो महत्व दिन्छौं।

हाम्रा मूल्य-मान्यताहरु सावधानीपूर्ण कर्तव्यहरुभन्दा पनि टाढा कर्मचारीहरुसम्म विस्तारित भएका छन्। हामीले जुनसुकै स्थानमा कार्यसञ्चालन गर्दछौं र हाम्रा मूल्यश्रृङ्खलाभरि हामी श्रमसम्बन्धी मापदण्डहरुको अनुपालनाको अपेक्षा गर्दछौं र शोषण, बाध्यात्मक श्रम र बालश्रम लगायत सबै मानवअधिकार उल्लंघनहरुलाई निन्दा गर्दछौं।

मानवअधिकार कायम राख्ने हाम्रो प्रतिबद्धता तथा समानताको सिद्धान्त सम्बन्धी थप जानकारीकालागि कृपया हाम्रो Policy Statement on Human Rights & Environmental Protection र हाम्रो Supplier Code of Conduct समेत हेर्नुहोस्।





अनुक्रमणिकामा फिर्ता

# रोजगारी



## हाम्रा कर्मचारीहरुको संरक्षण र आफ्नो सम्भावनालाई पूरा गर्न उनीहरुलाई मद्दत गर्न Count on Us

कैफरमा हामी हाम्रा कर्मचारीहरु सर्वश्रेष्ठ सम्पत्ति हुन् भन्ने मान्यता राख्दछौं र एउटा समावेशी तथा सहयोगी श्रमको वातावरणको विकास गर्न सकेसम्म कामगर्दछौं। हामी ट्रेड युनियनहरु र कर्मचारीको प्रतिनिधित्व स्थापित गर्ने सबै कर्मचारीहरुको हक-अधिकारको सम्मान गर्दछौं र यसलाई आपसी सम्मान तथा विश्वासको संस्कृति निर्माण गर्न सहयोगीका रुपमा बुझ्दछौं।

कार्यस्थलमा हामी विविधतालाई सम्मान गर्दछौं र हामीसगँ जातिवाद, लिङ्गवाद, सताउने र धम्कीदिने वा विभेदका अन्य स्वरुपहरुप्रति शून्य सहनशीलताको विधिरहेको छ।

कम्पनीकारुपमा महत्वाकांक्षी तालिम तथा पेशागत विकासका कार्यक्रमहरु प्रदान गरी एवम् निष्पक्ष, विभेदरहित र सम्मानजनक श्रमको वातावरण उपलब्ध गराई गरिने सर्वश्रेष्ठ मानिसको (वस्तुपरक मापदण्ड र समान अवसर प्रतिको प्रतिबद्धतामा आधारित) भर्तीमा हाम्रो दीर्घकालिन समृद्धि निर्भर रहेको छ।

## सबैलाई निष्पक्ष तथा मर्यादित ढंगले व्यवहार गर्न Count on Me

निष्पक्षता, आदर-सम्मान र समावेशितालाई कैफरमा उच्च महत्व दिइन्छ। मेरा सहकर्मीहरुसँग दया एवम् खुला दिमागले व्यवहार गरी म यी मूल्यमान्यताहरुलाई कायम राख्न आफ्नो भूमिका खेल्दछु। कैफरमा सबैले जुनसुकै उमेर, लिङ्ग, पहिचान, छालाको रङ, जातीय उत्पत्ति, लैङ्गिक झुकाव, धार्मिक झुकाव, दक्षता, शिक्षा वा कानूनले संरक्षण गरेको अन्यकुनै विशेषताहरु भएतापनि समान हकअधिकारहरुको उपभोग गर्दछन्।

## विभेदकारी वा अपमानजनक व्यवहार सहिने छैन भन्ने मलाई थाहा छ।

एकजना सहकर्मीले कुनै सहकर्मीको बारेमा उनीहरुको लंगिक आधारमा अपमानजनक टिप्पणी गरेको तपाई देख्नुहुन्छ

"सम्मानजनक ढंगले कार्य गर्न मेरो सहकर्मीलाई सम्झाउने जिम्मेवारी मेरो हो भन्ने मैले बुझेको छु। उनीहरुले अपमानजनक ढंगले व्यवहार गर्ने काम जारी राखेमा मेरो प्रवन्धक, स्थानीय मानव संसाधन विभाग वा Local Compliance Officer समक्ष सो कुराका सम्बन्धमा जाहेर गर्ने अभिभारा मेरो हुन्छ।"

एउटा ठूलो निर्माणस्थलको सञ्चालकले तपाईंलाई कुनै परियोजना सम्पन्न गर्न दुई महिनाको अवधिकालागि कानूनीरुपले अनुमति दिइएकोभन्दा बढ्ता समय काम गर्न कर गर्दछ। तपाईंले अतिरिक्त समयमा काम गर्न इन्कार गरेको खण्डमा सञ्चालकहरु भन्दछन् कि मानिसले आफ्नो जागिर गुमाउने छन्।

"यो श्रम कानूनको एउटा गम्भीर उल्लंघन हो र म मेरो सम्बन्धित प्रबन्धकलाई तत्कालै जानकारी दिन्छु। एउटा जिम्मेवार कर्मचारीका रुपमा कामगर्ने परिस्थिति स्थापित श्रमकानून तथा मापदण्डहरुसँग मेल खान्छ भन्ने सुनिश्चित गर्न कैफर प्रतिबद्ध छ।"



# उपहार तथा आतिथ्यता

## पेशागत सत्यनिष्ठा हाम्रा सबै अन्तर्क्रियाहरुमा कायम राख्न Count on Us

उपहार तथा प्रलोभन दिन र लिन कैफरमा हामीले विस्तृत, मुलुक-मुलुकपिच्छेका अलग-अलग मार्गनिर्देशनहरु कार्यान्वयन गरेका छौं - र सबै कर्मचारीबाट कडाइकासाथ अनुपालनाको अपेक्षा गर्दछौं।
स्पष्टढंगले परिभाषित गरिएको सीमाभित्र रहनेगरी उपहार (र/वा आतिथ्यता) को (सम्मानजनक) हस्तान्तरण वा ग्रहणलाई हामी अनुमति दिन्छौं - तर उपहार वा प्रलोभन ठिक्क मूल्यको र दिमागमा गलत नियतले तय नगरिएको भएमा मात्र।

## उपहार तथा आतिथ्यतालाई सावधानीपूर्वक सञ्चालन गर्न Count on Me

कैफरमा व्यावसायिक सहकर्मीहरुसँगको असल एवम् सम्मानजनक सम्बन्धहरुको महत्वलाई मैले मान्यता दिँदा व्यापारिक निर्णयहरु जहिले पनि वस्तुपरकढंगले गरिनुपर्दछ भन्नेमा म सजग छु।

अत्यन्त सीमित परिस्थितिहरुमा र मेरा Local Compliance Officer को मार्गनिर्देशनमा मात्र सरकारी अधिकारीहरुसँगको उपहार तथा आतिथ्यता आदान-प्रदान अनुमतियोग्य हुन्छ।



## महँगो उपहार तथा प्रलोभनहरुले वस्तुपरक निर्णय गर्ने कामलाई प्रभावित गर्दछन् भन्ने म बुझ्दछु।

कुनै सम्भाव्य आपूर्तिकर्ताले च्याम्पियन्स लीगको फाइनल खेल रंगशालामा उनीहरुको भिआईपी हलको गद्दीबाट हेर्न तपाईंलाई आमन्त्रण गर्दछ।

"निमन्त्रणाको मूल्यले स्पष्ट रुपमा हामीले तय गरेका आतिथ्यताको सीमालाई पार गरेको छ र वस्तुपरक निर्णय गर्ने मेरो क्षमतालाई प्रभावपार्न सक्ने (देखिएको) छ। म विनम्रतापूर्वक निमन्त्रणालाई अस्वीकार गर्दछु।"

कुनै नयाँ ठेक्कापट्टाको परिचालनको चरणमा प्रमुख ग्राहक सहकर्मीले तपाईंलाई दुईटा कम्पनीबीचको सम्बन्ध प्रगाढ तथा एक-आपसमा लाभदायी हुने आशा छ भनी बताउँछिन्। उनले उपहारहरु व्यावसायिक सम्बन्धहरुलाई सुदृढ गर्ने एउटा तरिका हो भनी थप बताउँछिन्। शायद एउटा ज्यादै महँगो वाइनको बाकस? हरेक दुईहप्तामा एक पटक उनको घर ठेगानामा पुर्‍याउने गरी?

"कैफरमा हाम्रो कामको गुणस्तरकाआधारमा हामीले ठेक्कापट्टा प्राप्त गर्दछौं र सम्बन्धनिर्माण गर्दछौं। ठेक्कापट्टा सम्बन्धी वार्ताको समयमा वा तत्कालपछि हामी हाम्रा ग्राहकहरुलाई उपहार दिदैनौं - र, हामी हाम्रा ग्राहकहरुलाई त्यस्तो मूल्यवान उपहार कहिल्यै दिँदैनौं! म नम्रतापूर्वक अनुरोधलाई अस्वीकार गर्दछु र मेरो सम्बन्धित प्रबन्धक वा Local Compliance Officer लाई सो घटनाको सम्बन्धमा जाहेर गर्दछु।"

# स्वार्थको द्वन्द्व

## कुनै पनि सम्भाव्य स्वार्थको द्वन्द्वलाई विलम्व नगरीकन खुलासा गर्न Count on Us

कैफरमा सम्भाव्य स्वार्थका द्वन्द्वहरु बेलाबेलामा उत्पन्न हुनेगर्दछन् भन्ने हामी बुझ्दछौं - जसको कारणलेगर्दा सम्भाव्य स्वार्थका द्वन्द्वहरु समस्या बन्नुभन्दाअगाडि नै तिनीहरुकाबारेमा थाहापाउन र खुलासा गर्न हाम्रा सबै कर्मचारीहरु तलिमप्राप्त छन्।

ठेक्कापट्टासम्बन्धी वार्तामा होस् वा परियोजनाको कार्यान्वयनमा यदि कुनै सम्भाव्य स्वार्थको द्वन्द्व उत्पन्नभएको खण्डमा व्यक्तिको हितभन्दा कैफरका हितहरुले प्राथमिकता पाउँछन् भन्ने हाम्रा सबै कर्मचारीहरुले बुझेका छन्।

## सम्भाव्य स्वार्थका द्वन्द्वहरुबाट सचेत रहन Count on Me

यदिकुनै सम्भाव्य स्वार्थको द्वन्द्व उत्पन्न भएमा एकमात्र स्वीकार्य विधि त्यसलाई खुलारुपले र सीधै सम्बोधन गर्नु हो। मेरो सम्बन्धित प्रबन्धक / Local Compliance Officer सँग मिलेर म कुनैपनि तवरले कैफरको हितमा सम्झौता नगर्नेखालको एउटा कुनै समाधान पत्तालगाउनेछु।



## स्वार्थको द्वन्द्व पहिचान कसरी गर्ने र सोबाट कसरी बच्ने मलाई थाहा छ

मचान/स्काफोल्डिङ सम्बन्धी सेवाहरुकालागि उपठेक्का लगाउनकालागि तपाईं जिम्मेवार हुनुहुन्छ। तपाईंको दाइ/भाइको मचान कम्पनी ठेक्कामा सहभागी भइरहेको छ।

"व्यावसायिक निर्णयहरु वस्तुपरक ढंगले गरिनुपर्दछ। म मेरा सम्बन्धित प्रबन्धक र Local Compliance Officer समक्ष सम्भाव्य स्वार्थको द्वन्द्वका सम्बन्धमा खुलासा गर्दछु र निर्णय प्रक्रिया कुनै सहकर्मीले सञ्चालन गरुन् भनी सुझाव दिन्छु।"

नियुक्तिको निर्णय गर्ने जिम्मेवारीसहित तपाईंको भर्खरै कार्यस्थलको प्रबन्धकमा पदोन्नति भएकोछ। तपाईंको पदोन्नतिको कुरा फैलनासाथ साथीहरु र परिवार कार्यस्थलमा कामकालागि अनुरोध गर्दै नजिकिन थाल्छन्।

"हामीलाई साँच्चिकै लाभ हुनसक्ने अत्यन्त योग्य धेरै मानिसहरु म चिन्दछु। साथै, यदि परिवारका सदस्य वा घनिष्ट मित्रहरुले सीधै मसँग जाहेर गरेमा हुने स्वार्थको द्वन्द्वको सम्भावनाकाबारेमा म सजग छु। एउटा निष्पक्ष तथा वस्तुपरक निर्णय गर्ने प्रक्रिया उपलब्ध रहेको सुनिश्चित गर्न म मेरा सम्बन्धित प्रबन्धक, Local Compliance Officer तथा मानवअधिकार विभागसमक्ष सो परिस्थितिकाबारेमा छलफल गर्दछु।"



अनुक्रमणिकामा फिर्ता

# प्रायोजन तथा चन्दा



## हाम्रो प्रायोजन तथा चन्दाहरु हाम्रा मूल्य-मान्यताहरुसँग सुहाउँदो खालको रहेको सुनिश्चित गर्न
Count on Us

कैफरमा हामी आफ्नो संस्थाको सामाजिक उत्तरदायित्वप्रति सजग छौं र असल प्रयोजनमा सहायता गर्ने र समुदायको कल्याणलाई सुदृढ गर्ने हाम्रो लामो परम्पराप्रति गौरव गर्दछौं ।

हाम्रा योगदानहरु प्रभावकारी र हाम्रा मूल्य-मान्यताहरुअनुरुप रहेकाछन् भन्ने सुनिश्चित गर्न हामीसँग प्रायोजन तथा चन्दा सम्बन्धी रणनीति उपलब्ध छ जुन भावीपुस्ताहरु (बालबालिका तथा युवा, शिक्षा तथा खेलकूद र स्थानीय समुदायहरु) कालागि अवसर उपलब्ध गराउनमा केन्द्रित रहेको छ । एउटा स्थापित अनुमोदन तथा कागजी प्रक्रियाकामाध्यमबाट हामी हाम्रा सबै प्रायोजन तथा चन्दासम्बन्धी गतिविधिहरुलाई पारदर्शी गराउँछौं ।

## संस्थागत प्रायोजन तथा चन्दासम्बन्धी नीति अवलम्वन गर्न
Count on Me

म प्रायोजन तथा चन्दाकालागि आन्तरिक अनुमोदनका प्रक्रियाको अनुशरण गर्दछु र सम्बन्धित रणनीतिप्रति आफूलाई सुपरिचित गराउँछु । व्यक्तिविशेष, राजनीतिक वा धार्मिक संगठन वा कुनै तवरले साझा नैतिकताको उल्लंघन गर्ने वा हिंसाको महिमा गाउने गतिविधिहरुलाई हामी समर्थन गर्दैनौं भन्ने मलाई थाहा छ ।

## हामी असल प्रयोजनकालागि प्रायोजन गर्दछौं र पारदर्शी एवम् जिम्मेवार ढंगले चन्दा दिन्छौं भन्नेमा म सजग छु ।

कुनै नयाँ राजनीतिक दलले कुनै योजनबद्ध परियोजनाकालागि कैफरकातर्फबाट नगद चन्दाकानिमित्त तपाईंसँग माग गर्दछ । उग्रवादी विचार तथा उग्रराष्ट्रवादी दृष्टिकोणको प्रवर्धनकालागि सो दल ख्यातिप्राप्त छ ।

"कैफरको प्रायोजन तथा चन्दासम्बन्धी रणनीतिले राजनीतिक दलहरुलाई - वा उग्रवादी विचारधारालाई सहयोग गर्न तय गरिएको परियोजनाहरुलाई - चन्दा दिने कामलाई निषेध गरेको छ । म सो अनुरोधलाई तत्काल इन्कार गर्दछु ।"

कुनै पेशेवर खेलाडीलाई एउटा ठूलो चन्दादिने सही अनुमोदन प्रक्रियालाई कुनै सहकर्मीले जानीजानी छलेको तपाईंले थाहा पाउनुभएको छ ।

"प्रायोजनकालागि हाम्रो अनुमोदनको प्रक्रिया Local Compliance Officer तथा प्रबन्धनिर्देशक दुवैजनाबाट गरिने अनुमोदन समेत) बाध्यकारी हुन्छ । कुनै व्यक्तिलाई प्रायोजन गर्ने काम सामूहिक, समुदायमाआधारित प्रवर्तनकालागि समर्थनलाई पक्षपोषण गर्ने कैफरको मूल्यमान्यताविपरीत हो भन्नेमा पनि म सजग छु ।" फलस्वरुप, म घटनाको बारेमा मेरा सम्बन्धित प्रबन्धक वा Local Compliance Officer लाई रिपोर्ट गर्छु ।





अनुक्रमणिकामा फिर्ता

# “हामी एक अर्काप्रति ध्यान दिन्छौं”



कैफरमा हामी सामूहिक कार्यनै सफलताको साँचो हो भन्ने विश्वास गर्दछौं । मानिस ढुक्क भई विकसित हुन र बढ्न सक्ने, आफ्नो सम्भावनालाई पूरा गर्नसक्ने र बोल्ने साहस प्राप्त हुनसक्ने वातावरण सिर्जना गर्नु हाम्रो लक्ष्य हो ।

हाम्रा मानिसको स्वास्थ्य, सुरक्षा तथा कल्याण हाम्रो सर्वोपरि प्राथमिकता हो । स्वास्थ्य तथा सुरक्षाको सच्चा संस्कृतिको सिर्जना केवल नियमहरुभन्दापनि लगभग बढी हुनजान्छ, विश्वासमा आधारित सामूहिक भावना र निकटवर्ती सहकार्यको प्रकारको सम्बन्धमा यो रहेको हुन्छ । हाम्रो सबैभन्दा ठूलो शक्तिमध्ये एउटा शक्तिको रुपमा रहेको श्रमशक्तिको विविधताउपर हामी ध्यान पुर्‍याउँछौं र सबैका लागि एउटा न्यानो, सुखद र समावेशी वातावारणको सिर्जना गर्न कठोर प्रयत्न गर्दछौं ।



# स्वास्थ्य तथा सुरक्षा



## कैफरमा सुरक्षित तथा स्वस्थकर कार्यस्थल उपलब्ध गराउन Count on Us

शारीरिक बल आवश्यक भएको भूमिका तथा स्थानहरुमा कामगर्ने हाम्रा कर्मचारीहरुको ठूलो बहुसंख्याको साथमा यो अचम्म मान्नुपर्ने छैन कि स्वास्थ्य र सुरक्षा हाम्रो सर्वोपरि प्राथमिकता हो। हाम्रा मानिसलाई - उनीहरु जतासुकै र जुनसुकै हैसियतमा काम गरुन् - तालिम दिन र सहयोग गर्न हामीसँग आठसयभन्दा बढी समर्पित एचएसईक्यू (स्वास्थ्य, सुरक्षा, वातावरण तथा गुणस्तर) विशेषज्ञहरु उपलब्ध छन् र स्वास्थ्य तथा सुरक्षाका सर्वोपरि मापदण्डलाई हाम्रा कार्यालय र कार्यस्थलहरुले पालना गरेको सुनिश्चित गर्न अथक कार्य गर्दछन्।

## मैले गर्ने सबै काममा स्वास्थ्य तथा सुरक्षालाई प्राथमिकता दिन Count on Me

जब स्वास्थ्य तथा सुरक्षाको कुरा आउँछ, कैफरमा मा जुदावस्थाप्रति सन्तुष्टि, सम्झौता वा थोरै भएपनि कटौतीकालागि कुनै स्थान छैन। म - असुरक्षित कामको अवस्था देखेको खण्डमा बोल्ने, खतरनाक परिस्थितिलाई टाल्न कदमचाल्ने र मेरा सहकर्मी एवम् साझेदारहरुको स्वास्थ्य तथा सुरक्षाको संरक्षण गर्न सक्रिय भूमिका खेल्ने -मेरो जिम्मेवारीलाई गम्भीर रुपमा लिन्छु।

## कार्यस्थल र कार्यालयमा स्वास्थ्यसम्बन्धी विधि-विधानहरुकाबारेमा म सजग छु।

कुनै परियोजनाको व्यवस्थापकले तपाईंको कार्यदललाई कुनै साँघुरो स्थानमा लैजान अह्राउँछ। त्यहाँ कामगर्न आवश्यक इजाजत ग्राहकले अद्यापि लिइसकेको छैन र इजाजत दिने कार्यालय सो दिनकोलागि बन्द भइसकेकोछ।

"स्वास्थ्य तथा सुरक्षाको कुरा आउँदा छलफल वा सम्झौताको कुनै स्थान छैन। आवश्यक इजाजतविना न त म न त मेरो कार्यदलका कुनै सदस्य सो साँघुरो स्थानमा प्रवेश गर्दछौं।"

आगोले नखाने वस्तु (आस्बेस्टोस) रहेको पुरानो अलग्याउने बस्तु (इन्सुलेसन) हटाउन कुनै ग्राहकले तपाईंलाई अह्राउँछ। अन्तिम क्षणमा गरिएको अनुरोधको प्रकृतिका कारणले गर्दा आवश्यक सुरक्षाको उपकरण तत्काल उपलब्ध छैन।

"आगोले नखाने वस्तु (आसबेस्टोस) चलाउँदा अवलम्वन गर्ने स्पष्ट प्रक्रियाहरु रहेकाछन् भन्ने मलाई थाहा छ। म विनम्रतापूर्वक आज्ञापालन गर्न इन्कार गर्दछु र मेरो सम्बन्धित प्रबन्धकलाई जानकारी दिन्छु जसले ग्राहकलाई उपयुक्त प्रक्रियाकाबारेमा बताउँछ।"





# अभिव्यक्त गर्ने

## खुलापनको संस्कृतिलाई प्रबर्धन गर्न र उठाइएको चासोलाई गम्भीर ढंगले ग्रहण गर्न Count on Us

कैफरमा हामी हाम्रा कर्मचारीहरुलाई सुन्छौं र दुर्व्यवहार वा हाम्रो संहिता वा कैफरका नियम तथा मार्गनिर्देशनहरुको उल्लंघनका बारेमा उनीहरुको चासोहरु उपर काम कारबाही गर्दछौं ।

गल्तीहरु हुन्छन् । र, यी गल्तीहरुलाई शीघ्र, सीधै र खुला रुपमा सम्बोधन गर्न हामीले बेवास्ता गर्दा अफलता हुनेगर्दछ - जसको कारणले गर्दा कैफरमा आफूलाई उपयुक्तलागेको जुनसुकै जाहेरी संयन्त्रमार्फत कानूनसम्मत चासो उठाए बापत कसैलाईपनि कहल्यै सजाय गरिनेछैन ।

प्रत्येक जाहेरीलाई गम्भीर ढंगले ग्रहण गरिने छ र सख्त गोपनीयताकासाथ व्यवहार गरिने छ । दुर्व्यवहारकाबरेमा असल नियतले जाहेर गर्ने सूचकहरुले प्रतिकारको डर मान्न आवश्यक छैन ।

## लागू हुने कानून, यो संहिता, कैफर का नियम वा मार्गनिर्देशनहरुको उल्लंघनकाबारेमा आशंका भएको खण्डमा बोल्न Count on Me

जाहेरीकालागि उपलब्ध विकल्पहरुकाबारेमा म सजग छु र कुनै सम्भाव्य उल्लंघन देखेको खण्डमा बोल्नु कति महत्वपूर्ण हुन्छ भन्ने मलाई थाहा छ ।

## मौनताले स-साना कसूरहरु मुख्य मामलामा परिणत हुन्छन् भन्ने मलाई थाहा छ ।

(थप कुरा) सम्भाव्य अनुपालना उल्लंघनहरुकासम्बन्धमा कुनैपनि जानकारीकालागि हामी कृतज्ञ हुन्छौं र प्रत्येक कानूनसम्मत जाहेरीलाई गम्भीर ढंगले ग्रहण गरिने र सख्त गोपनीयताकासाथ व्यवहार गरिने प्रत्याभूति गर्दछौं ।

तपाईं देहायका व्यक्तिहरुसमक्ष जाहेर गर्नसक्नुहुन्छ :

- तपाईंको सम्बन्धित प्रबन्धक (वा आवश्यक ठहरेमा उनीहरुभन्दा माथिल्लो सुपरीवेक्षहरुमध्ये एकजना),
- स्थानीय मानवसंसाधन (एचआर) वा स्थानीय कामदार परिषद
- कैफरको अनुपालना संगठन ( Local Compliance Officer, Group Chief Compliance Officer ) का सदस्य,
- KAEFER Compliance Helpline, मन लागेमा नाम अज्ञात राखे




KAEFER

KAEFER SE & Co. KG
Corporate Group Compliance
Marktstr. 2
28195 Bremen
Germany

Email: compliance@kaefer.com
Phone: +49 421 3055 0

www.kaefer.com
KAEFER Compliance Helpline
www.bkms-system.com/kaefer

प्रतिरुप: 6.0 मिति 01/09/2026